स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका अस्मिता अधिकारीका फ्यान त्यतिबेला चकित भए जतिबेला उनको इन्गेजमेन्ट सार्वजनिक भयो । गत ५ गते उनले गायक महेश काफ्लेसँग दुबईमा इन्गेजमेन्ट गरेकी थिइन् । बुर्ज खलिफालाई साक्षी राख्दै गरिएको इन्गेजमेन्ट सामाजिक सञ्जालबाट सार्वजनिक भएको थियो । अधिकारी र काफ्ले साङ्गीतिक कार्यक्रमको सिलसिलामा दुबई पुगेका थिए ।

**आजको विचार...**



शिक्षा...

*(दुई पेजमा)*

डा. नारायणप्रसाद निरौला



कुनै सफल नेपाली फिल्ममा निर्विकल्पझैं थिइन्, अभिनेत्री करिश्मा मानन्धर । उनको नामले नै फिल्म चल्ने युग थियो । तर, उमेर ढल्किएसँगै फिल्मबाट आउने प्रस्ताव फेरियो । विशेषगरी आमाको भूमिकामा प्रस्ताव आउन थालेपछि उनले लामो समय फिल्म नै गरिनन् । गत वर्ष आएको फिल्म 'बगान'बाट उनले पाँच वर्षपछि कमब्याक गरेकी थिइन् । यसमा उनको आमाकै भूमिका थियो । अब भने करिश्मा निरन्तर फिल्म गर्ने योजनामा देखिएकी छन् । र, यस वर्ष फिल्म "माइली"मा काम गर्ने भएकी छन् ।

❑ वर्ष २९ ❑ अंक ३३८ ❑ २०८१ असार २३ गते आइतबार 7 July 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पहिरोमा पुरिएर तीन जनाको मृत्यु



**वालिङ (स्याङ्जा),** असार २२/ जिल्लाको बिरुवा गाउँपालिका ६ लामाखेतमा शनिबार दिउँसो पहिरोमा पुरिएर तीन जनाको मृत्यु भएको छ । पहिरोले पुरिएर बिरुवा गाउँपालिका-६ माझकोट का ६७ वर्षीया हरिमाया शर्मा, सोही स्थानका ७१ वर्षीय माधव शर्मा र ६५ वर्षीया गुह्येश्वरी शर्माको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता इन्द्रबहादुर रानाले बताए । पहिराको जोखिममा रहेका आफ्ना घरबाट सुरक्षित स्थानमा गएका उनीहरूको पुरिएर ज्यान गएको हो ।

उनीहरूको घर नजिक पहिरो खसेको थियो । बिरुवा गाउँपालिका ६ का वडाध्यक्ष कृष्णबहादुर क्षेत्रीका अनुसार पहिराको जोखिम नभएको ठानेर सुरक्षित भनेर राखिएको ठाउँमा दिउसो अचानक पहिरो खसेर घर पुरिँदा उनीहरूको मृत्यु भएको हो । उक्त पहिरामा परी पाँचजना घाइते भएका छन् । उनीहरूको स्थानीयवासी र बिरुवा प्रहरी चौकीको टोलीले उद्धार गरेको थियो । *-रासस*

# वर्षाको कहर : कतै पहिरो, कतै डुवान

## सडक अवरुद्ध, यात्रुलाई सास्ती, दर्जनौं घर जोखिममा, माडीफाँट डुवानमा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २२/वर्षाका कारण पाल्पा र गुल्मीका विभिन्न ठाउँमा कतै पहिरो त कतै बाढीले फाँट डुवानमा परेका छन् । तीन दिनदेखि परेको अबिरल वर्षाले यहाँका दर्जनौं ठाउँमा पहिरो जानुको साथै खेतका फाँटहरु डुवानमा परेका हुन् ।





विहीबारदेखि परेको अविरल वर्षाका कारण पाल्पाका अधिकांस ठाउँमा पहिरो गएका छन् । पहिरोका कारण दर्जनौं सडक अवरुद्ध बनेका छन् भने कयौं घरहरु जोखिममा परेका छन् । पहिरोका कारण शनिबार सिद्धार्थ राजमार्ग र तानसेन-रिडी सडक अवरुद्ध रहे । यस्तै, कालीगण्डकी करिडोर, आर्यभन्ज्याङ-रामपुर सडक पनि बन्द भएको प्रहरीले जनाएको छ । तानसेन-बुटवल खण्डको बर्तुङ र कालीमाटी क्षेत्रमा पनि पहिरो खसेको छ । कालीमाटीमा पहिरोले दुई वटा पिकअप जिप पुरिएको थियो । गाडीमा क्षति पुगेको छ । रम्भा गाउँपालिका -३ सितापाहाडस्थित सिद्धार्थ राजमार्गमा पनि माथिबाट पहिरो झरी बाटो अवरोध बन्यो । रिब्दीकोट गाउँपालिका -३ माल्मुलस्थित पाल्पा-गुल्मी सडक खण्डमा माथिबाट ठूलो ढुङ्गासहित माटो झरी बाटो पुर्णरुपमा बन्द भएको थियो । यस्तै रैनादेवी छहरा गाउँपालिका-५ धुँवापानीडाँडास्थित हार्थोक-मुझुङ भित्रि सडकमा माथिबाट पहिरो झरी बाटो बन्द रह्‌यो । यस्तै रिब्दीकोट गा.पा.४ हटियास्थित हटिया-भारकोट भित्रि सडकमा पहिरो झरी स्थानीय पवन विकको घर नजिकै पार्किङ गरी राखेको ना ६१ प ८५८४ र लु २१ प ५६३२ नं.को मोटरसाईकल पुरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले बताए । रम्भाको असर्दीस्थित कालीगण्डकी करिडोर सडक खण्डमा पनि पहिरोले पुर्णरुपमा बाटो अवरुद्ध गरेको छ । यस्तै बगनासकालीको गोबाल्दिस्थित चिलाङ्दीदेखि खानीगाँउ, चापपानी जाने भित्री सडकमा माथिबाट पहिरो खस्दा बाटो पूर्ण रुपमा अवरुद्ध बन्न पुग्यो । यस्तै वर्षाका कारण गुल्मीमा पनि अधिकांस ठाउँमा पहिरो गएको छ । पहिरोका कारण यहाँका धेरै जसो ग्रामीण सडकहरु अवरुद्ध बनेका छन् । यहाँको रुरु क्षेत्रको कालिकामोडस्थित रिडी-तम्घास सडक खण्डमा पहिरो खस्दा केही समय बाटो अवरुद्ध बनेको थियो । गुल्मीदरबारको सानो बिरवासमा रुख ढलेर बाटो बन्द हुन पुगेको जिल्ला प्रहरी कार्यलय गुल्मीले जनाएको छ । यस्तै धुर्कोटको रोदी खोलामा पानीको बहाव बढ्न गइ तम्घास-सिमलटारी सडकखण्ड पुर्ण रुपमा बन्द भएको छ । यस्तै मालिकाको घमिर खोलामा र सोही ठाउँको फुलबारी खोलामा पनि पानीको बहाव बढ्न गई सडक पुर्ण रुपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ । सत्यवती गाउँपालिका -६ उर्लिखोलामा पनि पानीको बहाव बढ्न गइ बाटो पुर्ण रुपमा अवरुद्ध छ । चन्द्रकोटको टेलिमिल र मजुवा बजारमा माथिबाट ढुङ्गा माटो सहितको पहिरो खस्दा बाटो पूर्ण रुपमा अवरुद्ध बन्न पुग्यो । अवरुद्ध बनेका केही सडकहरु लामो समयको प्रयासपछि सुरचारु भएका छन् भने केही खुलाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

**यात्रुलाई सास्ती**

गुल्मी र पाल्पाका अधिकांस ठाउँमा गएको पहिरोले अवरुद्ध बनेका सडकका कारण यात्रुले सास्ती खेप्नु परेको छ । विशेष गरी ग्रामीण सडकमा पहिरो खसेर, भासिएर तथा भत्किएर अवरुद्ध भएपछि स्थानीयहरु सास्ती भोग्न बाध्य भएका हुन् । सडक बन्द हुँदा दैनिक यातायात सेवा प्रभावित बनेको छ । यातायात सेवा ठप्प भएपछि यात्रुलाई आवत जावतमा समस्या हुने गरेको छ । पहिरो नखसेको ठाउँमा समेत कच्ची सडकहरू हिलाम्य भएर सवारीसाधन सञ्चालनमा समस्या भएको छ ।

**दर्जनौं घर, गोठ जोखिममा**

पहिरोका कारण पाल्पा र गुल्मीका दर्जनौं घर जोखिममा रहेका छन् । पाल्पाको रिब्दीकोट गाउँपालिका -३ माल्मुलस्थित पाल्पा-गुल्मी सडक खण्डमा माथिबाट ठूलो ढुङ्गासहित माटो झरी मिना विकको घर जोखिममा रहेको छ । *-बाँकी अन्तिम पेजमा*

## घर भत्केर पुरिएकी महिलाको उद्धार



**गुल्मी,** असार २२/ जिल्लाको रुरुक्षेत्र गाउँपालिका-३ थोर्गामा घर भत्किँदा पुरिएकी एक महिलाको उद्धार गरिएको छ । घरमाथिबाट आएको पहिरोका कारण घर भत्किँदा पुरिएकी स्थानीय उजेली विकको छिमेकीहरूले शनिबार बिहान उद्धार गरेका हुन् ।

उनको उद्धार गरी उपचारका लागि रिडी आधारभूत अस्पताल लागिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरमा बसिरहेको अवस्थामा एक्कासी पहिरो आई घर भत्किंदा विक पुरिएकी थिइन् । भत्याङ् मुनी रहेकाले उनलाई सकुशल नै उद्धार गरिएको स्थानीयले बताएका छन् । अविरल वर्षका कारण जिल्लाका आधा दर्जन घरहरु जोखिममा परेका छन् । बाढी पहिरोको कारण जिल्लाबाट बाहिरिने मुख्य सडकसहित अधिकांश सडक अवरुद्ध भएका छन् । पहिरोले रुरु-४ कालिका मोडस्थित रिडि-तम्घास पक्की सडकखण्ड अवरुद्ध हुँदा गुल्मीबाट पाल्पा हुँदै बुटवल काठमाडौं जाने सडक बन्द छ । त्यस्तै मदन भण्डारी राजमार्ग अन्तर्गत तम्घास-सिमलटारी खण्डका खोलाहरूमा पानीको बहाव बढ्दा सडक पूर्ण रुपमा बन्द छ । उक्त सडकमा पर्ने रोदीखोला, घमिर खोला र फूलबारी खोला बढेपछि सडक पूर्ण रुपमा बन्द भएको छ ।

## 'मेयरसँग बालबालिका' : भन्छन् 'प्रविधिमैत्री शिक्षामा नगर सरकारले ध्यान देओस्'

**पाल्पा (रामपुर),** असार २२/ जिल्लाको रामपुरमा 'मेयरसँग बालबालिका' कार्यक्रम अन्तर्गत विद्यार्थीसँग अन्तर्क्रिया गरिएको छ । रामपुर- ६, विजयपुरस्थित दरैठाँटी माध्यमिक विद्यालयको सभाहलमा नगर भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थी बालबालिकाहरुसँग नगर प्रमुख रमणबहादुर थापाले अन्तर्क्रिया गरेका हुन् ।



बालबालिकाहरुको समस्या पहिचान गर्नुका साथै आवश्यक कार्यक्रम सञ्चालन गर्न र सुझाव संकलन गर्ने उद्देश्यसहित कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रममा सहभागी बालबालिकाहरुले प्रविधिमैत्री शिक्षामा ध्यान दिन नगर प्रमुख थापासँग आग्रह गरेका छन् । उनीहरुले अहिलेको आवश्यकता अनुसार नगर सरकारले प्रविधिमैत्री शिक्षा जोड दिनुपर्ने बताएका छन् । भूपू सैनिक राईजिङ्ग इङ्गलिस स्कुलकी मनिषा नेपालीले युग सुहाउँदो प्राविधिक शिक्षाको आवश्यबकता रहेकाले नगर सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताईन् । उनले नगरपालिकाबाट निजी विद्यालयको अनुगमन हुनुपर्ने, कार्यक्रमहरु समय मै हुनुपर्ने सुझाव समेत नगर प्रमुख थापालाई दिएकी थिइन् सोही स्कुलका सक्षम बस्ताकोटीले विज्ञान प्रविधिको प्रयोग गरी नयाँ सामग्रीको अनुसन्धान र आविष्कारका लागि विद्यार्थीलाई नगरपालिकाले प्रोत्साहनका कार्यक्रम ल्याउनु पर्ने उल्लेख गरे ।

दरैठाँटी माविकी विद्यार्थी सृष्टि खनालले अभिभावकविहिन, असहाय बालबालिकाहरुको संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिइन् । सोही विद्यालयकी सुप्रिया पोखरेल, आकृति भण्डारी, निकिता ढकाल र अविशा भट्टराईले लागुपदार्थ दुर्व्यसनी, मोबाईल फोनको दुरुपयोगबाट सचेत गराउन सचेतना कार्यक्रम गर्न नगर प्रमुखलाई आग्रह गरे ।

शहिद बहुमुखी क्याम्पसका रेशम कुमारी नेपालीले समय अनुसार प्रोजेक्टरको माध्यमबाट शिक्षण गर्ने विधि लागु गर्दै जानु पर्ने बताए । नगर प्रमुख थापाले बालबालिकाहरुले दिएको सुझावलाई नगर सरकारले आत्मसाथ गर्दै अगाडि बढ्ने उल्लेख गरे । उनले बालबालिकाहरुले भने जस्तै नगर सरकारले पनि प्रविधिमैत्री शिक्षालाई प्राथमिकतामा राखकौ बताए । नगर प्रमुख थापाले भने 'हामी पूर्वाधार विकाससँगै बालबालिकाको शिक्षामा प्रतिवद्ध भएर लागेका छौं ।' असहाय बालबालिकाको संरक्षणका लागि नगरपालिकाले आफ्नोतर्फ बाट र अन्य संघ संस्थासँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्दै उनले बताए । २०७४ पछि जन्मिएका नानीहरुलाई स्नातकोत्तरसम्म नगरपालिकाले नि:शुल्क शिक्षा प्रदान गर्ने नीति लिएको उल्लेख गर्दै नगर प्रमुख थापाले आर्थिक अभावमा कोही पनि बालबालिका शिक्षाबाट बञ्चित हुनु नपर्ने उल्लेख गरे । कार्यक्रमको अवसरमा नगरपालिकाले ३ जना बेसाहारा बालबालिकाहरुलाई बालउद्धार कोषमार्फत २० हजार प्रदान गरेका छ । **-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## बाढीपहिरोको जोखिम

वर्षा सुरु भएसँगै ठाउँ–ठाउँमा बाढी र पहिरोको समस्या देखिन थालेको छ । हरेक वर्ष जस्तै तराईमा बाढी र डुबान, पहाड र हिमाली क्षेत्रमा पहिरो लगायतका जोखिम यस वर्ष पनि कायमै छ । असार, साउन महिना बर्खाको समय हो । बर्खा लाग्नु भनेको खेतीपातीको याममात्रै होइन यो विपद्को याम पनि हो । नेपालमा बर्सेनि बाढीपहिरोको विपद् नियमित जस्तो छ । जसको पूर्वानुमान स्वत: गर्न सकिन्छ । यति बेला बाढीपहिरोका कारण धेरैको घरहरु विस्थापित भए भने कतिले ज्यान समेत गुमाएका समाचारहरु बाहिर आएका छन् ।

मापदण्ड विपरित खनिएका सडकले घर, खेतबारी नै बगाएर विस्थापित हुनु परेको छ । तीन दिन देखिको अविरल वर्षाका कारण विशेष गरी पहाडी जिल्ला पाल्पा, गुल्मीका सडक खण्डका विभिन्न ठाउँमा सडक अवरुद्ध भएका छन् । त्यस्तै, मुख्य राजमार्ग क्षेत्रका ठाउँहरु समेत बेला बेलामा अवरुद्ध हुन थालेका छन् । गाउँ–गाउँमा सडकको पहुँच पुऱ्याउने होडबाजीका साथ निर्माण भएका सडकहरू बर्खामा हिलाम्मे भएका छन्, भने बर्खे भेलले घरबस्ती, विद्यालय जोखिममा परेका छन् । निरन्तर वर्षाले मानविय जनजीवन समेत अस्तव्यस्त बनेको छ । वर्षाको प्रारम्भमै ठूलो मानविय क्षति व्यहोर्नु परेको छ । यस वर्ष अझ धेरै वर्षा हुने भएकाले क्षति ठूलो व्यहोर्नुपर्ने आंकलन गरिएको छ ।

विपद् बाजा बजाएर आउँदैन । विपद् आइपरेमा के–कस्तो तयारी गर्ने भन्ने विषयमा पूर्वतयारी गर्नुपर्ने हुन्थ्यो । तर नेपालमा आइपरेपछि मात्र हारगुहार गर्ने चलन छ, जसले गर्दा ठूलो क्षति भोग्नुपर्ने अवस्था छ । बाँध निर्माण गर्ने काम होस् वा आगो निभाउने र पहिरो व्यवस्थापन गर्ने यन्त्रहरू कहिले प्राथमिकतामा पर्दैनन्, जसले गर्दा क्षति सधैं अपेक्षितभन्दा बढी नै हुने गरेको छ । यस वर्ष पनि मनसुन सुरु हुनुअगाडि नै जोखिमको मूल्यांकन भएकै थियो, तर केही पनि तयारी भएन, फलस्वरूप देशभर सयौं घरहरु विस्थापित हुन पुगेका छन् भने कयौं घरहरु जोखिममा परेका छन् । विपद्को पूर्वतयारी नहुँदा सधै बाढी–पहिरोको पिडामा नेपाली नागरिक पर्ने गरेका छन् । हरेक वर्ष यस प्रकारको प्राकृतिक विनास गर्ने विषयमा सरकार अनभिज्ञ छैन । समयमै पूर्वतयारी नगर्दा वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । मनसुन शुरू हुनासाथ आएको बाढी–पहिरोले गरेको क्षतिले आगामी दिनमा अझ बढी समस्या थप्न सक्ने देखिन्छ । यसर्थ स्थानीय, प्रदेश र संघीय सरकारले यसतर्फ बेलैमा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

बगिरहेको खोला बितेको समय टुटेको बिश्वास र
छुटेको बालापन कहिल्यै फर्केर आउदैन ।
*(विवेक पौडेलको फेसबुक स्टाटसबाट www.facebook.com//Paudel.bibek)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षा प्रणालीमा सुधारको आवश्यकता



**डा. नारायणप्रसाद निरौला**

*परीक्षाको परिणाममात्र सबैथोक हो भन्ने वर्तमान मूल्याङ्कन प्रणलीमा सुधार आवश्यक रहेको छ । तीनघण्टाको मूल्याङ्कनभन्दा निरन्तर मूल्याङ्कनले दिने प्रतिफल उपयुक्त हुन्छ । प्रयोगपक्ष अझ पनि शून्यप्राय: नै छ । विद्यार्थीले के सिक्योभन्दा पनि जिपिए कति ल्यायो भन्नेमा नै आम मानसिकता घुमिरहेको छ । जिपिए ४ ल्याउने सर्ववेत्ता होइन । सक्षम बन्नु र जिपिए ४ ल्याउनुमा फरक छ । हाम्रो शिक्षा नीतिले खोजेको कुरा जिपिए होइन दक्ष व्यक्तित्वको निर्माण हो । जिपिएले नै दक्ष बनाउछ भन्ने हो भने मूल्ल्यङ्कनका प्रणालीमा परिवर्तन आवश्यक छ । केवल मूल्याङ्कनका सूचकलाई राष्ट्रिय सामाचारको विषयवस्तु बनाउने र अनुत्तीर्णको मनोविज्ञानमा नकारात्मक असर पार्ने प्रवृत्तिले हाम्रा शिक्षाक्षेत्रका उद्देश्य पूरा हुन सक्दैनन् ।*

*आजको युवा कति देशभक्त छन्, कति सच्चरित्र छन् र के कति ज्ञान र सीपको उपयोग गर्न सक्षम छन् भन्ने विषयवस्तुको खोजी गर्ने हो भने अपेक्षित परिणाम भेट्न मुस्किल छ ।*

वर्तमानमा एसइईको परीक्षा परिणामसँगै नयाँ बहस आरम्भ भएको छ । नतिजाले आधाभन्दा धेरै विद्यार्थी अनुत्तीर्ण तुल्याएको छ । विद्यार्थीले शिक्षकलाई दोष दिएका छन्, शिक्षकले विद्यार्थी र व्यवस्थापकलाई दोष दिएका छन् अनि व्यवस्थापकले शिक्षकमा दोष दिएका छन् । जुन दोषदर्शनमात्र हो । हरेक पक्षले अर्कोलाई दोष दिने परम्परा नौलो होइन । हाम्रो शैक्षिक प्रणाली र यसले दिने प्रतिफल र व्यक्तिमा पार्ने प्रभावको पक्ष भन्दा पनि नतिजा र नतिजाले उब्जाएका अनुत्तीर्णका विषय मात्र अधिक चर्चामा आउने गर्दछन् । शिक्षाको मूल उद्देश्य जिपिए ४ ल्याएर पास गर्नुमात्र होइन । सक्षम, समाज उपयोगी, देशलाई उपयोगी व्यक्तित्व निर्माण गर्ने पक्षको परीक्षण हो यो ।

तर, समग्रपक्ष नै सकिएको जस्तो गरी विद्यार्थीको मनमा समेत नकारात्मक असर पर्ने गरी प्रचारप्रसार गरेर शिक्षाका उद्देश्य पूरा हुन सक्दैनन् । सर्वप्रथमत: हाम्रा पाठ्यक्रममा परिवर्तन आवश्यक छ । यसका साथसाथै मूल्याङ्कन प्रणालीमा पनि आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ । तीन घण्टाको परीक्षाले दश वर्षको मूल्याङ्कन गर्ने प्रवृत्तिमा सुधार आवश्यक देखिन्छ । यसका लागि निरन्तर मूल्याङ्कन प्रणाली र त्यसले दिने प्रतिफललाई सही मूल्याङ्कनको आधार बनाउन सक्नुपर्दछ । विद्यार्थीका समग्र पक्षको मूल्याङ्कन गरिनुपर्दछ ।

तद् अनुसारका पाठ्यक्रम लागू गरिनुपर्छ र प्रयोगपरक अध्ययन अध्यापन हुनुपर्दछ जसले योग्य व्यक्तित्व निर्माणमा सहायता गर्दछ । मूलत: मूल्याङ्कन प्रणालीलाई परिवर्तन गर्नु आवश्यक देखिन्छ । मेकालेको सिद्धान्तलाई अझै पनि निरन्तरता दिनु आजको आवश्यकता सुहाउँदो शिक्षा होइन । विद्यार्थीका हरेक पक्षको मूल्याङ्कन गरिनुपर्छ र तदनुसारको पाठ्यक्रम र मूल्याङ्कन प्रणाली लागू गरिनुपर्छ । हालसम्म परिवर्तन भएको भनेको उही प्रतिशतबाट ग्रेडिङ्मा जानुभन्दा खासै उल्लेखनीय पक्ष केही देखिँदैनन् । यी त मूल्याङ्कनका प्रणाली मात्र हुन् । ग्रेड र प्रतिशतमा खासै भिन्नता छैन । जसले पार्ने प्रभावमा पनि तात्त्विक भिन्नता देखाउँदैन । फलामे ढोकका रूपमा दश कक्षालाई लिनुको कुनै तात्त्विक अर्थ छैन् । यो नै फलामको ढोकाजस्तो हिजोको व्यवस्थालाई आज पनि प्रकारान्तरले निरन्तरता दिएको नै पाइन्छ । जसबाट वास्तवमा शैक्षिक सुधान हुनसक्दैन । यो विषययलाई सामान्यीकरण गर्नका निम्ति परीक्षा प्रणलीलाई नै परिवर्तन गर्नु आवश्यक छ । परीक्षा प्रणाली परिवर्तनपूर्व पाठ्यक्रमलाई पनि परिमार्जन गर्नुपर्ने देखिन्छ ।

परीक्षाको परिणाममात्र सबैथोक हो भन्ने वर्तमान मूल्याङ्कन प्रणलीमा सुधार आवश्यक रहेको छ । तीनघण्टाको मूल्याङ्कनभन्दा निरन्तर मूल्याङ्कनले दिने प्रतिफल उपयुक्त हुन्छ । प्रयोगपक्ष अझ पनि शून्यप्राय: नै छ । विद्यार्थीले के सिक्योभन्दा पनि जिपिए कति ल्यायो भन्नेमा नै आम मानसिकता घुमिरहेको छ । जिपिए ४ ल्याउने सर्ववेत्ता होइन । सक्षम बन्नु र जिपिए ४ ल्याउनुमा फरक छ । हाम्रो शिक्षा नीतिले खोजेको कुरा जिपिए होइन दक्ष व्यक्तित्वको निर्माण हो । जिपिएले नै दक्ष बनाउछ भन्ने हो भने मूल्ल्यङ्कनका प्रणालीमा परिवर्तन आवश्यक छ । केवल मूल्याङ्कनका सूचकलाई राष्ट्रिय सामाचारको विषयवस्तु बनाउने र अनुत्तीर्णको मनोविज्ञानमा नकारात्मक असर पार्ने प्रवृत्तिले हाम्रा शिक्षाक्षेत्रका उद्देश्य पूरा हुन सक्दैनन् ।

आजको युवा कति देशभक्त छन्, कति सच्चरित्र छन् र के कति ज्ञान र सीपको उपयोग गर्न सक्षम छन् भन्ने विषयवस्तुको खोजी गर्ने हो भने अपेक्षित परिणाम भेट्न मुस्किल छ । असल व्यक्तित्वको निर्माण भएको छ कि छैन भन्ने प्रश्नको उत्तर अझै पनि अनुत्तरित नै छ । आजको दशकक्षा उत्तीर्ण व्यक्तिले आमालाई देवता समान व्यवहार गर्न सक्छ कि सक्दैन ? पितालाई, अतिथिलाई अनि अग्रजलाई सम्मान गर्न सक्छ कि सक्दैन ? आत्मसक्षक र कर्मनिष्ठ छ कि छैन ? आफ्ना आधारभूत आवश्यकताका कार्य आफैं गर्न सक्छ कि सक्दैन ? भन्ने प्रश्नको उत्तरमा पनि ४ जिपिए आउँछ भन्न सक्ने अवस्था छैन् । हाम्रा संस्कृति, सभ्यता, रीति रिवाज, चालचलन, भेषभूषाका साथै देश र माटो सुहाउँदो शिक्षा प्राप्त भएको छ कि छैन अनि तदनुसार सक्षम र कर्मठ व्यक्ति बनेको छ कि छैन भन्ने प्रश्नका उत्तर अझै पनि अनुत्तरित नै छन् । जुन कुरा आजको पाठ्यक्रमले दिएको छैन । यसैले समग्र शिक्षा प्रणालीमा परिवर्तन आवश्यक छ जसबाट मात्र हाम्रा विद्यार्थीको सही मूल्याङकन हुनसक्छ । किताबका ठेलीभन्दा पनि पनि ज्ञानका ठेली बोकाउने पाठ्यक्रम आज आवश्यक छ । प्रयोगपरक शिक्षामा आजको पाठ्यक्रमले जोड दिएको छैन । केवल पाठ पढ्ने र उक्त पाठबाट सोधिएका प्रश्नको उत्तर दिने अनि त्यही उत्तरका आधारमा मात्र मूल्याङ्कन गर्ने र यही कुरालाई राष्ट्रिय मूल्याङ्कनको आधार बनाउने प्रवृत्ति आज पनि विद्यमान छ । जसबाट शिक्षाका उद्देश्य हासिल हुन्छन् भन्न सकिँदैन । कृषिप्रधान मुलुकमा धान कसरी फल्छ भन्ने प्रश्नको उत्तर आजका जिपिए ४ ल्याएका विद्यार्थीले सही ढङ्गले दिनु आवश्यक छ । धान त परको कुरा भयो । चामल बोराबाट आउँछ, दूध प्याकेटबाट आउँछ भन्ने हालत आजका अधिकांश उत्तीर्ण विद्यार्थीको अवस्था छ । हरेक विषयवस्तुको प्रयोगात्मक पक्ष हाम्रा पाठ्यक्रममा राखिएको छैन । दिनभरि कक्षाकोठाको सिटमा बसेरमात्र शिक्षाका उद्देश्य हासिक हुनसक्दैनन् । हरेक विषयवस्तुको गहनतम प्रयोगपरक अध्ययन आवश्यक छ ।

सम्भव पनि हुनसक्छ तर हाम्रो मानसिकता नै वार्षिक परीक्षा प्रणालीमा बसेको छ । मेकालेले जनतालाई शासन गर्न सजिलो हुने शिक्षा प्रणाली लागू गरेको प्रवृत्ति नै आज पनि विद्यमान छ । जसबाट आजको शिक्षा प्रणाली माथि उठ्नुपर्दछ । फेल भएको मान्छे सबै कुरामा नै फेल भएको होइन । आजका वैज्ञानिक आविष्कार एकैचोटि आएका होइनन् । फराडे नै कयौंफटक फेल भए तर हार नमानी बिजुलीको बल्ब बाल्न सफल भए । ग्रहमबेलले पनि निकैपटक फेलको सामना गर्नुपरेको थियो परिणामत आजको मोबाइल युगसम्म हामी पुगेका छौं । तर सामाजिक रूपमा नै फेल भएको व्यक्तिले केही पनि गर्न सक्दैन भन्ने आममानसिकताको विकास हाम्रा पाठ्यक्रम, शिक्षा प्रणाली र उक्त प्रणालीबाट सृजित परिणामले समाजमा पनि सोही मनोविज्ञाको जन्म दिइरहेको छ । जसबाट मूलत: अनुत्तीर्ण विद्यार्थीमा नै नकारात्मक असर पारिरहेको छ । घोडाचढ्ने लड्छ भने जस्तै पढ्ने नै फेल हुने हो नपढ्ने फेल हुँदैन । यसैले यो फेलको मानसिकतालाई पनि परिवर्तन गर्नु आवश्यक छ ।

सर्वप्रथमत: फलामे ढोकाका रूपमा कुनै पनि परीक्षालाई लिइइनु हुँदैन र सोही आधारमा प्रचार प्रसार गरिनु हुँदैन । यसका निम्ति नै ग्रेडिङ प्रणाली ल्याइयो तर पनि घुमिफिरी रुम्जटारजस्तै भएको छ । किनकि हाम्रा पाठ्यक्रममा परिवर्तन हुन सकेन, मूल्याङ्कन प्रणाली उही पुरानै पद्धतिमा नयाँ गाता राखेरमात्र चलाइएको छ । जसले सही परिणाम दिन सकिरहेको छैन ।

पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई पनि परिमार्जन गरी प्रयोगपरक र नतिजामुखी शिक्षातर्फ अग्रसर गराउनु आज आवश्यक छ । असफलता नै सफलताको आधार हो । यसैले तदअनुसारको मनोवृत्तिको जागृति पनि आवश्यक छ । मूलत: प्रणालीगत सुधारले यस्ता समस्याबाट पार पाउन सकिन्छ । शैक्षिक प्रणालीमा सुधारका निम्ति मूलत: पाठ्यक्रम र मूल्याङ्कन प्रणलीलाई परिमार्जन गर्नु वर्तमानमा आवश्यक देखिन्छ । जसमा वार्षिक मूल्याकनभन्दा पनि निरन्तर मूल्याङ्कनलाई समग्र पक्षको सूचक बनाइनुपर्छ । यसका साथै शिक्षण कार्यकलापमा पनि प्रयोगपरक अध्ययन आजका निम्ति आवश्यक रहेको देखिन्छ । जसबाट मात्र जीवन उपयोगी ज्ञान र सीपका साथै समाज र देशोपयोगी व्यक्तित्व निर्माण गर्न सकिन्छ ।

*–इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ठीक समयमा निर्णय लिन सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : साना समस्यामा अल्झनुपर्नेछ। साँझमा आर्थिक लाभ मिल्न सक्छ । |
| **वृष** : व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ । | **वृश्चिक** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । |
| **मिथुन** :साथीभाइले सहयोग जुटाउनेछन्। घरमा अतिथिको आगमन हुन सक्छ । | **धनु** : न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| **कर्कट** : भाग्यले अवसर जुराउनेछ । नयाँ काम सुरु गर्ने समय छ । | **मकर** : मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुन: सुरु हुन सक्छन् । |
| **सिंह** : बोलीले कार्य सिद्ध हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । | **कुम्भ** : आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला । |
| **कन्या** : शरीरमा स्फूर्ति र उमंगको कमी आउनेछ । मालसामान हराउन सक्छ । | **मीन** : समय मध्यम खालको छ । कामहरूमा बिघ्नबाधा आउनसक्छ । |

# कृषि

## पशुपालनलाई प्रोत्साहन गर्न डाँलेघाँस उत्पादन



पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न जिल्लास्थित डिभिजन वन कार्यालयले डाँलेघाँसका बिरुवा उत्पादनमा प्राथमिकता दिएको छ । व्यावसायिक किसानलाई पशुपालनमा सहज बनाउन कार्यालयले बर्सेनि डाँलेघाँसका बिरुवा नि:शुल्क रुपमा वितरण गर्दै आएको हो ।

किसानको मागअनुसार राइखनियो, डुम्री, बडहर, बकाइनो, टाँकीलगायत डाँलेघाँसका साथै अन्य विभिन्न प्रजातिका बिरुवा उत्पादन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिए । यस वर्ष उत्पादन गरिएका ८५ हजारमध्ये ३० हजार बढी डाँलेघाँसका बिरुवा उत्पादन गरिएको छ ।

श्रेष्ठका अनुसार विभिन्न प्रजातिका करिब पैतिस हजार बिरुवा वितरण गरिसकिएको छ । उनीले भने, 'नर्सरीमा बिरुवा लिन अहिले दैनिक किसानको घुइँचो लाग्ने गरेको छ ।' उत्पादित तयारी बिरुवा यही असार १५ गतेदेखि वितरण गर्न थालिएको हो । गण्डकी प्रदेश सरकारबाट वार्षिक कार्यक्रमका लागि कम बजेट विनियोजन भएकाले बर्सेनि बिरुवा उत्पादन घट्दै गएको भन्दै यस वर्ष पनि गत वर्षको तुलनामा कम उत्पादन गरिएको वन अधिकृत श्रेष्ठले जानकारी दिए ।

उनीले भने, 'घाँसका बिरुवा रोपेर गोठमै बाँधेर पशुपालन व्यवसाय गर्न सहज होस् भनेर बिरुवा उत्पादनलाई प्राथमिकता दिइएको हो ।' वनजङ्गलमा पशु चौपायका लागि चरन क्षेत्र ह्रास हुँदै गएकाले पशुपालक किसानलाई आहार व्यवस्थापनमा सहजता गराउने उद्देश्यले व्यावसायिक कृषि फार्मलाई घाँसका बिरुवा सहयोग गरिएको श्रेष्ठले बताए । नर्सरीमा हुर्काइएका बिरुवामध्ये जडीबुटीतर्फ शितल चिनी, हर्रो, बर्रो, तेजपात, बेल, अमला, श्रीखण्ड रहेका छन् भने सौन्दर्यमूलकमा कपूर, अशोका, धूपीलगायत छन् । 'पछिल्ला समय पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएकाले बर्सेनि डाँलेघाँसका बिरुवा उत्पादन गरी वितरण गर्दै आएका छौँ', अधिकृत श्रेष्ठले भन्नुभयो, 'प्रदेश सरकारबाट बजेट कम विनियोजन भएकाले यस वर्ष थोरै बिरुवा उत्पादन गरिएको हो ।'

चार वर्षअघि दश लाख, तीन वर्ष अघि आठ लाख, दुई वर्षअघि छ लाख २५ हजार र गत वर्ष एक लाख बढी बिरुवा उत्पादन गरी नि:शुल्क वितरण गरिएको थियो । जिल्लामा पछिल्लो समय व्यावसायिक पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएपछि घाँसका बिरुवा उत्पादनमा जोड दिन थालिएको डिभिजन प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिए । किसानको मागका आधारमा कार्यालयले प्रत्येक वर्ष डाँलेघाँसका बिरुवा उत्पादन गरेर वितरण गर्ने योजना बनाएको छ । *-इहिमालय टाइम्स डटकम*

## कृषि मन्त्रालयमा कर्मचारीको धर्ना



कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मातहतका कृषि कर्मचारी (प्राविधिक) हरुले शुक्रबार मन्त्रालयमा धर्ना जारी राखेका थिए । मन्त्रालयको प्रवेश द्वारमा आइतबारदेखि सुरु गरिएको धर्ना कार्यक्रम जारी राखिएको हो ।

२०७५ सालमा सरकारले समायोजन अध्यायदेश ऐनमार्फत कर्मचारीहरुलाई समायोजन गरेपछि वृत्ति विकासका लागि नियमित रूपमा लोकसेवा नखोलिएको र तत्काल लोकसेवामार्फत सो कार्य सुरु गर्न माग गर्दै धर्नामा बसिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका योजना अधिकृत माधव पौडेलले जानकारी दिए । मन्त्रालय अन्तर्गतका PMAMP, ASDP, NAFHA, FANSEP, REED लगायतका आयोजनाहरु तथा राष्ट्रिय किसान आयोग लगायतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूले आफ्नो पदस्थापन नगरी काजमा खटाएको भन्दै काज फिर्ताका लागि निवेदन दिइएको उनले बताए । हाल देशभर ३०० भन्दा बढी कृषि प्राविधिकहरू रहेका छन् । तीमध्ये करिब १०० जना धर्नामा बसेका छन् ।

*-रातोपाटी डटकम*

## कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्तालाई जोड्दै



पोखरा महानगरपालिकाले सञ्चालनमा ल्याएको कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्तालाई जोड्ने काम गरिरहेको छ । एम्बुलेन्सले महा नगरपालिकाका ग्रामीण बस्तीमा भएका उत्पादनको सहज बजारीकरण गर्न सहयोग पुऱ्याएको हो ।

फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना र पोखरा महानगरपालिकाको सहकार्यमा ३६ लाख रुपैयाँ लागतमा खरिद गरिएको कृषि एम्बुलेन्सले गएको वर्षको वैशाख ५ गतेदेखि सेवा शुरुआत गरेको महा नगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । कृषि एम्बुलेन्समार्फत अहिले पोखरा महानगरपालिका वडा नम्बर २२ पुम्दीभुम्दी, वडा नम्बर २३ चापाकोट, घाँटीछिना, वडा नम्बर २८ माझठाना, वडा नम्बर ३३ भरतपोखरीको बागमारा, वडा नम्बर २५ झिर्झिकालगायत ठाउँबाट कृषिजन्य उत्पादन नि:शुल्क ढुवानी भइरहेको छ । कृषि एम्बुलेन्सले गाउँबाट ताजा तरकारी ल्याएपछि पोखरा बजारमा किन्नेहरूको भीड लाग्ने गरेको छ । किसानबाट ल्याइएको उत्पादन उनीहरूसँग खरिद गरेको मूल्यको २० प्रतिशतभन्दा बढी नबढ्ने गरी उपभोक्ताले खरिद गर्न पाउने व्यवस्था मिलाइएको महा नगरपालिकाले जनाएको छ ।

*-उज यालो अनलाइन डटकम*

## बाँदरले दु:ख दिएपछि कृषियोग्य जमिनमा घाँसखेती



गलकोटको जैमिनी नगरपालिका- ८ छिस्ती फुर्केसल्लाका ६१ वर्षका रघुनाथ पौडेलले गत वर्षमात्रै १० रोपनी खेतीयोग्य जग्गामा बहुवर्षे घाँसखेती थाले ।

बाँदरका कारण अन्नबाली हुन छाडेपछि यहाँ तीव्र बसाइँसराइ छ । बसाइँसराइका कारण फुर्केसल्लाका अधिकांश गाउँका खेतीयोग्य जमिन बाँझिएका छन् । ती बाँझिएका जग्गामा पौडेलले घाँसखेती गरेर पशुपालन गर्दै आएका छन्। गाउँलेले छोडेको १० रोपनी जग्गामा आफूले घाँसखेती गरिरहेको उनको भनाइ छ ।

'फुर्केसल्लाका अधिकांश घर खाली हुन थालेका छन्, बाँदरले सताएपछि अधिकांश जग्गा बाँझो छ, अन्नबाली गर्न छाडेपछि बाँझो जग्गा सदुपयोग गर्ने उत्तम विकल्प घाँसखेती रहेछ घाँसखेतीबाट पशुपालन गर्दा अन्नबालीभन्दा बढी नाफा हुने रहेछ', पौडेलले भने । उन्नत जातको बहुवर्षे घाँसखेतीका लागि पशु विज्ञ केन्द्रलेसमेत प्रोत्साहन गर्दै आएको छ । उनले यस वर्ष मात्रै रु ३० हजार अनुदान पाएको सुनाए । घाँसमा आधारित पशुपालनले दूधको उत्पादन लागत घटाएको उनको भनाइ छ । हाल उनले भैंसी र गाईपालनबाट दैनिक ४० लिटर दूध बजार पठाउँदै आएका छन् । गाउँमा बाँदर आतंक बढेपछि यहाँका किसानहरु घाँसखेतीतर्फ आकर्षित भएका हुन् । घाँसमा आधारित पशुपालनले आम्दानी बढाउने भन्दै उनले दूध बिक्रीबाट मात्रै मासिक रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको बताए । जैमिनी नगरपालिका-१ टुनीबोटका रुद्रनाथ शर्माले पनि पशुपालन गर्दै आएका छन् । कूल ४० घर रहेका टुनिबोटका अधिकांश स्थानीय बसाइँ सरेर चितवन र सदरमुकाम पुगेपछि उनीहरुको बाँझो जग्गामा घाँसखेती गरिरहेका छन् । टुनिबोटमा चार वर्षअघि आएको पहिरोले यहाँका छ घरमा क्षति पुगेको थियो । दुई जनाको ज्यानसमेत गयो । त्यसपछि केहीले बसाइँ सरेर चितवन झरे । बसाइँसराइ गर्ने अर्को मुख्य कारण बाँदर आतंक पनि हो ।

बाँदरले सताएपछि यहाँका किसानले अन्नबाली लगाउनै छोडेका छन् । बाँदरले सताउन थालेपछि धमाधम घाँसखेती गरेर पशुपालन गर्न थालिएको उनले बताए । बसाइँ सरेर चितवन गएका स्थानीय कीर्तिनाथ पौडेलको १५ रोपनी जग्गा भाडामा लिएर शर्माले घाँसखेती र पशुपालन गरेका छन् । उनले दैनिक ४० लिटर दूध सहकारीमार्फत बजारीकरण गर्दै आएका छन् । 'अन्नबाली व्यावसायिक थिएन, बाँदरका कारण विकल्पमा घाँसखेती देखियो, घाँसमा आधारित पशुपालन व्यवसायबाट मुनाफा राम्रो आएपछि अन्नकोभन्दा फाइदा देखियो, बाँदरको समस्या टऱ्यो', शर्माले भने, 'नेपियर र कान्लामा सिबोसिटिया र मोलाटो जातको घाँस लगाएको छु, घाँसखेती गरेपछि बाँदर के खान आउने भो र ।'

उनले वार्षिक रु २५ हजार भाडा तिरेर घाँसखेती गरिरहेका छन् । घाँसखेती र दूध बिक्रीबाट उनले वार्षिक रु १० लाखसम्म कमाइ गरिरहेका छन् ।

*-डिसी नेपाल डटकम*

## तरकारी खेतीबाटै वार्षिक २० लाख कमाउने कोपिन्द्र



मोरङको कटहरी गाउँपालिका-४ का कोपिन्द्र सिंह २०६३ सालमा १२ कक्षा पढ्दै थिए । उनको परिवारको आर्थिक अवस्था सामान्य थियो । बुवाले जोडेको डेढ बिघा जमिन नै घर खर्चको स्रोत थियो । त्यहीँबाट उत्पादन भएको खाद्यान्नले वर्ष दिन खान पुऱ्याउनु पर्थ्यो, वर्षभरिलाई घरखर्च पनि त्यसैले पुऱ्याउने हो ।

जति नै मेहनत गर्दा पनि खासै राम्रो उत्पादन हुँदैनथ्यो । दिनभरि काम गर्दा २५० रुपैयाँ ज्याला पाइन्थ्यो । उनको मन बहकिन थाल्यो । देशमा बसेर केही हुने रहेनछ भन्ने लाग्यो । नभन्दै उनले वैदेशिक रोजगारमा मलेसिया जाने योजना बनाए । मलेसिया जान गाउँकै साहुसँग ८० हजार ऋण खोजे । 'यहाँ केही गर्छु भन्दा कसैले पत्याउँदैनथे । तर विदेश जान भनेपछि जति पनि पैसा ऋण दिन्थे,' उनले विगत सम्झिए । तर विदेश सोचेजस्तो कहाँ हुन्छ र ? कोपिन्द्रले विदेशमा धेरै हन्डर/ठक्कर खाए । घरमा खासै काम नगरेका उनले ४०/४५ डिग्रीको तातो घाममा ढल सफा गर्ने काम पाए । काम मात्रै गाह्रो होइन दाम पनि एकदमै कम थियो । उनको मासिक तलब १५ हजार मात्रै थियो । तलबबाट नै कोठा भाडा तथा खाना खानुपर्थ्यो । कमाएको पैसा उनले आधा मात्रै बचाउँथे । घर फर्कन पनि समस्या थियो । ऋण नतिरी घर फर्कँदा जग्गा नै बेच्नु पर्थ्यो । कर्मको फल भनेर काम गरेको उनले बताए । तीन वर्ष मलेसियामा बिताए । तीन वर्षमा ३ लाख ९० हजार पैसा कमाएर उनी घर फर्के । घर फर्किंदा परिवेश केही बदलिएको थियो । 'म फर्केपछि गाउँको परिस्थिति केही फेरिएको थियो । विदेशबाट फर्केकालाई साहु महाजनले पनि ऋण पत्याउन थालेका रहेछन्,' उनले भने, 'मैले भाकामै पैसा तिरेकाले होला यसले दु:ख गर्न जानेको छ भने ।' अनि उनले आफ्नै माटोमा दु:ख गर्ने निधो गरे । आफ्नै माटोलाई उर्वर बनाउने सपना देखे । उनले दुई बिघाबाट तरकारी खेती शुरू गरे । दुई बिघाबाट शुरू भएको उनको कृषि कर्म अहिले २१ बिघामा फैलिएको छ । २०६९ देखि उनले तरकारी खेत शुरू गरेका थिए । 'म विदेश नगएको भए साथी भाइसँग डुलेर बुबाले कमाएको सम्पत्तिमै रजाइँ गर्थे होला,' उनले भने, 'त्यहाँको दु:खले मलाई आत्मनिर्भर हुने बनाएको छ ।' कोपिन्द्रले तरकारी खेतीबाट गरेको आम्दानीले एउटा गाडी किनेका छन्, पक्की घर पनि बनाएका छन् । अर्काको काम गर्ने उनले अहिले कामदार राखेका छन् । सिजनमा दैनिक २५ जनासम्मलाई ज्यालादारीमा राख्ने गरेको उनले बताए । ५ जनालाई भने मासिक तलब नै दिएर राखेका छन् । आठ बिघामा उनले तरकारी खेती गर्छन् भने अन्यमा धान मकै गहुँलगायत बाली उत्पादन गर्ने गर्छन् ।

**जग्गा बाझो राखेको मनै पर्दैन**

तरकारीबाटै भविष्य खोजिरहेका कोपिन्द्रलाई जग्गा बाझो राखेको मन पर्दैन । जग्गा बाझो राख्नेलाई श्राप लाग्ने उनी तर्क गर्छन् । 'जग्गा बाझो राखेको देख्दा साह्रै रिस उठ्छ,' उनी भन्छन्, 'जसले जग्गा बाझो राख्छ अनि बजारमा गएर किनेर खान्छ । त्यस्ता मान्छेलाई श्राप नै लाग्छ नि होइन ?'

उनी जग्गालाई आमासँग तुलना गर्छन् । 'आमाले हामीलाई यो संसार देखाउनुहुन्छ । जग्गाले पनि हामीलाई उत्पादन दिन्छ र यही संसारमा बाँच्छौं,' उनी भन्छन्, 'आमा र जग्गा दुवैलाई हेला गर्नेलाई कहिल्यै सफलता मिल्दैन ।' १ बोटमा २५ किलोसम्म टमाटर फलाएको उनी बताउँछन् । वार्षिक खर्च कटाएर २० लाखसम्म बचत गर्ने गरेको उनले सुनाए । उनले लौका, भण्टा, काउली, आलु टमाटरलगायत तरकारी उत्पादन गर्ने गरेका छन् । तरकारीबाट कहिल्यै घाटा नहुने उनी बताउँछन् । अरूले जे उत्पादन गर्छन् त्यही गर्ने उनको बानी छैन । अरुले नगरेको उनी बढी गर्छन् । बजारको मागअनुसार खेती गर्छन् । मुख्य बालीमा टमाटर उत्पादन गर्ने गर्छन् । उनले उत्पादन गरेको टमाटर विराटनगर, काठमाडौं, भैरहवालगायत बजारमा जाने गरेको छ । उनी अरुलाई पनि तरकारी खेती गर्न प्रेरित गर्छन् । विदेश जान लागेका ८ जनालाई आफैंले जग्गा खोजिदिएर तरकारी खेती गर्न लगाएको उनले बताए । सरकारले अनुदानभन्दा पनि भारतबाट आउने तरकारी बन्द गरिदिनुपर्ने उनको भनाइ छ । 'सरकारले मल बिउ समयमै दिएर भारतबाट आउने तरकारी रोक्नुपर्छ,' उनले भने, 'यति गऱ्यो भने नेपालीको उत्पादनले राम्रो बजार पाउँछ ।' नेपाल कै केही व्यापारी बिचौलिया भएका कारणले भारतबाट तरकारी भित्रिने गरेको उनले बताए ।

*-लोकान्तर डटकम*

# एसईईमा वृन्दावनको अब्बल नतिजा

## सतप्रतिशत विद्यार्थी पास




**पाल्पा,** असार २२/ तानसेनमा २०५३ सालमा निजी विद्यालयको रुपमा स्थापना भएको वृन्दावन एकेडेमी सेकेण्डरी स्कुलले २०८० को माध्यमिक शिक्षा परीक्षा ( एसईई) मा अब्बल नतिजा ल्याउन सफल भएको छ । स्कुलले उत्कृष्ट जिपीएसहित सतप्रतिशत विद्यार्थी उत्तीर्ण गराई जिल्लामै अब्बल नतिजा ल्याउन सफल भएको हो । यस वर्षको नतिजामा कतिपय स्कुलहरुको नतिजा शून्यु आइरहेका बेला वृन्दावन भने सतप्रतिशत विद्यार्थी उत्तीर्ण गराएर जिल्लामै नमूना ठहरिएको छ ।

२०८० को एसईई परीक्षामा ४ जना विद्यार्थी सहभागी गराएको वृन्दावनले ए प्लस सहित चारै जना उत्तीर्ण गराएको छ । एसईईमा सहभागी कृष्टिना पाण्डेयले ३.७७ जिपीए, निशा डुम्रेले ३.७५ जिपीए, रिकेश भण्डारीले ३.६७ जिपीए र सुवर्ण विक्रम शाहले ३.६५ जिपीए प्राप्त गरी स्कुललाई अब्बल शैक्षिक संस्थाका रुपमा चिनाउन सफल भएका हुन् । विगतको नतिजा हेर्ने हो भने पनि यस स्कुलको पास सतप्रतिशत नै रहेको छ । २०६७ मा पहिलो पटक यस स्कुलका विद्यार्थी एसईईमा सहभागी भएका थिए । सो समयदेखि नै विद्यार्थीहरुले एसईई परीक्षामा उच्च ग्रेड हासिल गर्दै आइरहेका छन् ।

विद्यार्थी र शिक्षकहरुको लगनशीलता र मेहनतका कारण सतप्रतिशत नतिजा ल्याउन सफल भएको स्कुलका प्रिन्सिपल भरतप्रसाद न्यौपानेले बताए । उनले भने 'शैक्षिक गुणस्तर बढाउन विद्यालयका शिक्षकहरू उत्तिकै लगनशीलताका साथ लाग्नु भएको छ, विद्यार्थीहरु पनि त्यस्तै मेहनतका साथ अध्ययनमा तल्लिन छन्, जसको परिणाम अहिलेको नतिजा हो ।' शिक्षक, विद्यार्थी र अभिभावकको टिम स्पिरिटको परिणाम वृन्दावनको सफलता भएको प्रिन्सिपल न्यौपानेको भनाई छ । उनले भने 'विद्यार्थी फेल भए हाम्रो बेइज्जत हुन्छ भन्ने मान्यताका साथमा सरहरू मेहनत गर्नुहुन्छ । अभिभावक पनि विद्यालयप्रति उत्तरदायी हुनुहुन्छ ।'विद्यालयमा सैद्धान्तिकसँगसँगै प्रयोगात्मक सिकाइलाई प्राथमिकता दिने गरिएको प्रिन्सिपल न्यौपानेले बताए । 'केही गरौं भनेर स्कुलमा थोरै प्रयास गरेका हौं', न्यौपानेले भने, 'प्रयासअनुसार सफल पनि भइरहेका छौं ।'

# परिवार नियोजन संघ पाल्पाको २२ औं साधारण सभा



**कृष्ण पोखरेल**

**पाल्पा,** असार २२/नेपाल परिवार नियोजन संघ पाल्पाको २२ औं साधारण सभा तानसेनमा भएको छ । संघले एक औपचारिक कार्यक्रम गरी वार्षिक साधारण सभा गरेको हो । सभाको जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले उद्घाटन गरेका हुन् ।

सभाको उद्घाटन गर्दै प्रमुख खनालले अहिले सर्ने भन्दा नसर्ने रोगको कारण मानिसको स्वास्थ्य स्थिति भयावह बन्दै गएकोमा नियन्त्रणको लागि परिवार नियोजन संघ पाल्पाको भूमिका महत्वपूर्ण रहेको बताए । उनले संघबाट महिला, मातृशिशु, प्रजनन् स्वास्थ्यको विषयमा गाउँ-गाउँमा पुगेर सेवा दिँदै आएको उल्लेख गरे। सरकारीस्तरबाट गर्ने सेवा परिवार निजोजन संघ पाल्पाबाट हुँदै आएको र आगामी दिनमा पनि सेवालाई गाउँस्तरसम्म निरन्तरता दिन प्रमुख खनालले जोड दिए । कार्यक्रममा तानसेन नगरपालिका- ६ का वडा अध्यक्ष सागरमान महर्जनले महिलाको प्रजनस्वास्थ्यमा परिवार नियोजन संघबाट गुणस्तरीय सेवा प्रदान हुँदै आएको बताए । महिलाको प्रजनन् स्वास्थ्यसँग जोडिने हरेक किसिमका उपचार, परामर्श तथा रोकथामका विषयमा कार्यालयबाट नियमित सेवा प्रदान भईरहेको वडा अध्यक्ष महर्जनले बताए । संस्थाका सल्लाहकार चित्रवलीराम सुवालले संस्थाले विगत समयदेखी परिवार व्यवस्थापनको क्षेत्रमा गाउँ-गाउँमा पुगेर सेवा प्रदान गर्दै आएको बताए । संस्थाका सल्लाहकार बुद्धि प्रसाद शर्माले परिवारमा सवैभन्दा आमा स्वस्थ हुनुपर्ने, आमा स्वस्थ भएमात्र बच्चा स्वस्थ हुने, आमा र बच्चा स्वस्थ भए परिवार नै स्वस्थ बनाउने काम पाल्पा परिवार नियोजन संघले गर्दै आएको बताए । कार्यक्रममा संघका विज्ञ सदस्य पुष्करराज रेग्मी, नेपाल पत्रकार महासंघका कोषाध्यक्ष मुक्ति न्यौपाने लगायतले संघले आफ्नो कार्यक्षेत्र भन्दा माथि उठेर युवा, महिलाको स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रमदेखी दुरदराजमा शिविरहरु सञ्चालन, एचआइभी सम्बन्धी उपचार तथा परामर्श सेवा लगायत महिलाको स्तन तथा पाठेघर मुखको क्यान्सर परीक्षण जस्ता महत्वपूर्ण सेवा जिल्लामै दिँदै आएको बताए । कार्यक्रममा युवा विज्ञ सदस्य कमल बस्यालले संघले गरेका बार्षिक गतिविधी प्रस्तुत गरेका थिए । संघले चालु आर्थिक बर्षको ४४ लाख ६२ हजार बराबरको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको थियो । सन् २०२३ मा १ करोड ४१ लाख २५ हजार बरावरको आयव्यय विज्ञ सदस्य बस्यालले साधारणसभामा जानकारी गराए । साधारणसभाको अवसरमा संघमा चक्रिय प्रणाली अनुसार निर्वाचित ७ जना सदस्यहरुलाई प्रमाणपत्र समेत वितरण गरिएको छ । निर्वाचन अधिकृत शिव प्रसाद देवकोटाले पद तथा गोनियताको सपथ खुवाएका थिए । साधारणमा प्रस्तुत बार्षिक तथा आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो । कार्यवाहक अध्यक्ष माधव प्रसाद अर्यालको अध्यक्षता, विज्ञ सदस्य सूर्य बहादुर कार्कीको स्वागत र युवा सदस्य सिर्जना गैरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## वर्षाको...

...रामपुर नगरपालिका-९ मधुकोटका कमलबहादुर साठीघरेको गोठ माथिबाट अचानक पहिरो झरी गोठ पुरिन जाँदा गोठमा रहेका एउटा भैंसीको पाडी, २ वटा बाख्राका पाठी र १ वटा खसी मरेका जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । यस्तै बगनासकालीको यमघाटारीकी उसा सुनारको र रेशम सुनारको पहिरोले घर पुरेको छ । घर पुरिए पनि मानविय क्षति भने भएको छैन । रिब्दीकोटको खस्यौलीस्थि निर्माण हुँदै गरेको भित्री सडकमा माथिबाट रुखसँगै गएको पहिरोका कारण बाटो भन्दा तल रहेको सुर्य प्रसाद नेपालको घर जोखिममा रहेको छ । तानसेनको कमलपोखरीका मिनबहादुर कुँवरको घर नजिकै पहिरो खस्दा घर जोखिमा रहेको छ । यस्तै गुल्मीको सत्यवती गाउँपालिका ठूलोलुम्पेकका रेशम पुलामीको घरमा माथिबाट ढुङ्गा माटोसहितको पहिरो खस्दो घर पूर्ण रुपमा क्षति भएको छ । पुलामीको परिवार अहिले आफन्तका आश्रय लिइरहेका छन् ।

**माडीफाँट डुवानमा**

विहिबारदेखि परेको अबिरल वर्षाले पाल्पाको अन्नभण्डार माडीफाँटका अधिकांश भाग डुबानमा परेको छ । समथर भू-भाग भएकाले यहाँका फाँटहरुमा ताल बन्न पुगेको छ । यहाँका अम्लिहान, बुढुवा क्षेत्रमा बाढी पसेपछि डुबान भएको स्थानीय पत्रकार प्रकाश नेपालले जानकारी दिए । फाँट डुवानमा परेपछि यहाँका खेतमा लगाईको धानमा क्षति पुगेको छ । यस्तै रामपुर र पूर्वखोलाका फाँटहरुका खेत डुवानमा परेका छन् ।

### खेलकुद समाचार

# जर्मनीलाई हराउँदै स्पेन सेमिफाइनलमा



**काठमाडौं,** २२ असार/आयोजक जर्मनीलाई अतिरिक्त समयमा २-१ ले पराजित गर्दै स्पेन युरो २०२४ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

मिकेल मेरिनोले अतिरिक्त समयको अन्तिममा निर्णायक गोल गरेपछि स्पेनले अन्तिम चारको यात्रा तय गरेको हो । मुख्य प्रतियोगितामा ३६ वर्षपछि स्पेनलाई हराउने जर्मनीको लक्ष्य यस पटक पूरा हुन सकेन । स्टुटगार्डमा भएको पहिलो क्वाटरफाइनलमा डानी ओल्मोले ५१औं मिनेटमा लामिन यामलको पासमा गोल गर्दै स्पेनलाई सुरुवाती अग्रता दिलाएका थिए ।

स्पेन जिततर्फ अग्रसर भइरहेका बेला ८९औं मिनेटमा जर्मनीका लागि फ्लोरिन विट्जले जोसुअ किम्मिचको पासमा बराबरी गोल गर्दै खेल रोमाञ्चक स्थितिमा पुऱ्याए । त्यसपछि ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो । जहाँ डानी ओल्मोको पासमा मिकेल मेरिनोले ११९औं मिनेटमा गोल गर्दै स्पेनलाई २-१ को जित दिलाए । अतिरिक्त समयको इन्जुरी टाइममा स्पेनका डाङ्गी कार्भाजल रातो कार्ड पाउँदै मैदान बाहिरिएका थिए । स्पेन र जर्मनी दुवैले सर्वाधिक ३-३ पटक युरो जितेका छन् । घरेलु मैदानमा प्राप्त अवसरलाई सदुपयोग गर्न नसक्दा जर्मनीको घरेलु मैदानमै उपाधि जित्ने सपना अधुरै रह्यो । स्पेन भने चौथो उपाधि जित्ने यात्रातर्फ अघि बढेको छ । स्पेनले अब सेमिफाइनलमा पोर्चुगल र फ्रान्सबीचको खेलको विजेतासँग खेल्नेछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

# बाढीले जलविद्युत् आयोजनामा क्षति

**वालिङ (स्याङ्जा),** असार २२/अविरल वर्षासँगै आँधीखोलामा आएको बाढीका कारण आँधीखोला जलविद्युत् आयोजनामा क्षति हुँदा ४० हजार घरमा विद्युत् सेवा अवरुद्ध भएको छ । जिल्लाको गल्याङस्थित बुटवल पावर कम्पनी ( बिपिसी) को आँधीखोला जलविद्युत आयोजनाको बाँधस्थलमा बाढीले क्षति पुऱ्याएपछि शनिबार बिहानदेखि विद्युत् सेवा अवरुद्ध भएको हो ।

आँधीखोलाको माथिल्लो भेगमा भारी वर्षा भएसँगै आँधीखोलामा पानीको सतह बढ्न गई पानी संकलन पोखरीमा ढुङ्गा, गिटी, बालुवा भरिएको बिपिसीका प्रमुख डोल खरेलले बताए । 'खोलामा जल सतह बढिरहेकाले अहिले पानी सङ्कलन गरिएको पोखरी सफा गर्न सक्ने अवस्था छैन', उनले भने, 'खोलामा पानीको सतह घटेपछि पोखरी सफा गरेर मात्रै टनेलमा पानी पठाउँछौँ र विद्युत् सेवा सञ्चालन हुनेछ ।' गल्याङस्थित आँधीखोलाबाट उत्पादन भएको ९.४ मेगावाट विद्युत् स्याङ्जाको दक्षिणी भेग, पाल्पाको पूर्वी भेगका रामपुर नगरपालिका, रम्भा गाउँपालिका, गुल्मीको केही भेग र पर्वतको केही भेग गरी करिब ४० हजार घरमा विद्युत् सेवा अवरुद्ध भएको प्रमुख खरेलले जानकारी दिए । वालिङ-६ स्थित मिर्दी खोलामा आएको बाढीले मिर्दी बजार नजिकै रहेको वितरण लाइनको पोल बगाएको छ ।

खोला बढेकाले उपकरणसहित मर्मत गर्न जानसक्ने अवस्था नरहेको उनले बताए ।'बाढी र पहिराका कारण कहाँ के कति क्षति भएको छ भनी खोजी गरिरहेका छौँ', खरेलले भने 'कार्यालयलाई जानकारी आएका र थाहा पाइएका केही ठाउँमा मर्मत भइसकेका छन् भने केही मर्मत भइरहेका छन् । कतिपय ठाउँमा जलसतह बढी भएकाले मर्मतमा समस्या भइरहेको छ ।' मर्मतका लागि प्राविधिक र उपकरण तयारी अवस्थामा भएपनि ठाउँठाउँमा सडक अवरुद्ध भएकाले कठिनाइ भइरहेको बिपिसीका प्रमुख खरेलले जानकारी दिए । विद्युत् सेवा अवरुद्ध हुँदा दैनिक काममा समस्या भइरहेको स्थानीय बताउँछन् । *-रासस*

## मेयरसँग...

...यस्तै नगर भित्रका २१ वटा सामुदायिक विद्यालय र १ वटा क्याम्पसका १ सय २४ विद्यार्थीलाई मेयर छात्रवृत्ती कार्यक्रममार्फत छात्रवृत्ति समेत नगर सरकारले प्रदान गरेको छ ।

शहीद बहुमुखी क्याम्पस रामपुरमा भर्ना भएका २४ जना दलित समुदायका विद्यार्थीहरुलाई भर्ना शुल्क वापतको दुई लाख १६ हजार ६ सय प्रदान गरिएको नगर शिक्षा अधिकृत विकल काृलेले जानकारी दिए । यस शैक्षिक सत्रको पहिलो चरणमा वडा नं. २, ३, ४, ५, ६ र ७ मा रहेका प्राथमिक तहको विद्यालयमा २/२ जना, आधारभूत तहको विद्यालयमा ४/४ जना र मावि तहको विद्यालयमा ६/६ जनालाई छात्रवृत्ति प्रदान गरिएको हो । विद्यार्थी संख्या धेरै भएको रामतुलसी माविमा १४ जना र दरैठाँटी माविमा १० जनालाई छात्रवृत्ति प्रदान गरिएको छ । साधारणतर्फ २ हजार ५ सय र उच्च प्राविधिक तथा विज्ञान संकायका विद्यार्थीलाई ४ हजारको दरले छात्रवृति प्रदान गरिएको काफ्लेले जानकारी दिए ।

बाँकी विद्यालयका विद्यार्थीहरुलाई दोस्रो चरणमा यहि शैक्षिक वर्ष भित्र रकम प्रदान गरिने नगरपालिकाले जनाएको छ । कार्यक्रममा गंगा माविका छात्रा हिमाली जिटी, रामतुलसी माविका छात्रा संञ्चिता थापा र शहीद बहुमुखी क्याम्पसका रेशम कुमारी नेपालीले नगरपालिका प्रति आभार व्यक्त गर्नु गरे ।

**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याब्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

**- आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**

**- फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**

**- प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पालपा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई